# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 20.02.2025**

***Delhi CM Swearing In***

भारतीय जनता पार्टीकी पहिलो पल्ट निर्वाचित विधायक रेखा गुप्तले आज दिल्लीको रामलीला मैदानमा दिल्लीकी मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभयो। दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले उहाँलाई पद औ गोपनीयताको शपथग्रहण गराउनुभयो। मुख्यमन्त्रीसित छ जना क्याबिनेट मन्त्रीहरूले पनि शपथ ग्रहण गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृह मन्त्री अमित शाह, रक्षा मन्त्री राजनाथ सिंह, केही केन्द्रीय मन्त्रीहरू अनि विभिन्न राज्यका मुख्यमन्त्रीहरू र उपमुख्यमन्त्रीहरू समारोहमा उपस्थित हुनुहुन्थ्यो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ पनि शपथ ग्रहण समारोहमा उपस्थित रहनुभयो। सोशल मीडिया पोस्टमा उहाँले दिल्लीकी मुख्यमन्त्रीको पदभार सम्हाल्नुभएकोमा श्रीमती रेखा गुप्तालाई बधाई दिनुभएको छ र भन्नुभएको छ- यो महत्वपूर्ण माइवखुट्टीले दिल्लीका लागि प्रतिज्ञा र सम्भावनायुक्त नयाँ युगको बिहानीको संकेत दिँदैछ। उहाँले दूरदर्शी नेतृत्व, अटल समर्पण र जनसेवाप्रतिको प्रतिवध्दताले, दिल्लीले अभूतपूर्व विकास, समृध्दि र उत्कृष्टता हासिल गर्नेछ भन्ने आशा ब्यक्त गर्नुभेएको छ।

***Assembly***

राज्य विधानसभाको अधिवेशन भोलि बस्नेछ। सिक्किम विधानसभा सचिवालयबाट प्राप्त जानकारी अनुसार सदनको बैठक बिहान एघार बजीको साटो दस बजीदेखि शुरू हुनेछ।

***Student Exchange Program***

'एक भारत श्रेस्ठ भारत' पहल अन्तर्गत दिल्लीको शैक्षिक भ्रमण तथा विद्यार्थी विनिमय कार्यक्रम हालै सम्पन्न भयो। समग्र शिक्षा, शिक्षा निदेशालय नयाँ दिल्लीसित मिलेर यसको आयोजना राज्यको शिक्षा विभाग अन्तर्गत समग्र शिक्षाको राज्य परियोजना कार्यालयले गरेको थियो। केन्द्रीय शिक्षा मन्त्रालयको पहल 'एक भारत श्रेस्ठ भारत' अभियानको उद्देश्य भारतका विभिन्न राज्य तथा केन्द्रशासित प्रदेशहरूमा बसोबासो गर्ने विविध संस्कृतिका मानिसहरूबीच अन्तरक्रिया बढ़ाउनु हो। राज्यको छ वटै जिल्लाबाट सरकारी पाठशालाहरूका बाइसजना विद्यार्थीहरूको टोलीले शिक्षकहरू र समग्र शिक्षाका अधिकारीहरूसित दिल्लीको सरकारी पाठशालाको भ्रमण गरयो। भ्रमणावधिमा सिक्किम राज्य र दिल्लीका विद्यार्थीहरूले एका अर्काबीच आ आफ्ना राज्यका संस्कृति, खानपान, भेषभूषा र परम्पराबारे जानकारी साझा गरे।

***Gangtok DC***

गान्तोकका जिल्लाधीश तुषार जी निखरेले भन्नुभएको छ दुइ हजार आठ सालमा नै सिक्किमलाई निर्मल राज्य घोषित गरिएको हो र यो उपाधि पाउने सिक्किम पहिलो राज्य हो। उहाँले भन्नुभएको छ यसै गरी प्रधानमन्त्रीले शुरू गर्नुभएको स्वच्छ भारत मिशनका लागि सिक्किम नै मोडल राज्य थियो र राज्यका मानिसहरूले सार्वजनिक जीवनका सबै पाटाहरूमा सरसफाई र स्वच्छतालाई प्राथमिकता दिएका छन्। आकाशवाणी गान्तोकसितको कुराकानीमा श्री निखरेले गान्तोकलाई पर्यटकहरूका लागि सफा र सुन्दर स्थल बनाउनुभयो।
उहाँले गान्तोक जिल्ला प्रशासनिक केन्द्रका पहल तथा भावी योजनाहरूबारे पनि प्रकाश पार्नुभयो।

***Day- NULM***

दीनदयाल अन्त्योदय योजना- रास्ट्रिय शहरी आजीविका मिशन अन्तर्गत पञ्जीकृत स्वयं सहायता समूहका सदस्यहरू सामेल भएको प्रतिस्ठित आठ सदस्यीय सिक्किमको टीमले नयाँ दिल्ली स्थित रास्ट्रपति भवन अमृत उद्यान कार्यक्रममा भाग लिइरहेछन्। यसै महीना अठार तारीकदेखि आरम्भ भएको यो काय्रक्रम आउँदो तेइस फरवरी आइतबारका दिन समाप्त हुनेछ। देशभरिका स्वयं सहायता समूहहरूका कार्यलाई प्रकाशमा ल्याउने उद्देश्यले कार्यक्रमको आयोजना केन्द्रीय आवास वा शहरी मन्त्रालयले गरिरहेछ। अमृत उद्यानमा स्वयं सहायता समूहहरूका सहभागिताले महिला उद्यमीहरूका लागि आफ्ना हस्तशिल्पका तथा हस्तकलाका उत्पादहरू, जैविक सत्सामान र स्थानीय सामग्रीहरू प्रदर्शित गर्ने महत्वपूर्ण मञ्च उपलब्ध गराउँछ। यस्तो कार्यक्रमले उनीहरूलाई प्रत्यक्ष बजार सम्पर्क, बढाउनमा अनि ढिगो आजीविका र आर्थिक सशक्तिकरणमा टेवा पुग्न जानेछ।

***Bridge Damage***

सिक्किमका उचाईयुक्त क्षेत्रहरूमा बाक्लो कुहिरो र हिमपात भइरहेको कारणले जाडोको प्रकोप बढ़ेको छ। ठाउँ ठाउँमा हिउँ थुप्रिएको हुँदा यात्रीहरू र पर्यटकहरूलाई यातायात गर्नमा बाधा पुग्न भइरहेछ। यसैबीच भर्खरै प्राप्त जानकारी अनुसार उत्तर सिक्किममा आज पानी परेकाले फिदाङ र जँगुलाई जोड्ने फी खोला पूल भत्किएको छ। सिक्किम यात्रा एजेन्ट संघ TAAS का अध्यक्ष सोनाम नोर्गे लाचुङपाले सबै पर्यटक सञ्चालकहरू र यातायात व्यवासायीहरूलाई टुह नागा मार्ग भएर ओहोर दोहोर गर्ने परामर्श दिएको छ। पुल क्षतिग्रस्त भएको हुँदा अहिले बाहनहरू जंगुमा रोकिएका छन्।

***Weather***

अर्कातिर स्थानीय मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार गान्तोक र वरपर क्षेत्रमा भोलि न्यूनतम छ डिग्री सेल्सयस रहनेछ।